नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय कमिटी/Central Committee

२०७९/४/२

# प्रेस विज्ञप्ति

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय सचिवालयको पैतिसौं बैठक यही २०७९ भदौ १ मा पार्टी अध्यक्ष क माधवकुमार नेपालको अध्यक्षतामा सम्पन्न भएको छ। बैठकले निम्न निर्णयहरू गरेको छ :

## १. पार्टी एकता संयोजन सम्बन्धमा

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेताहरु सम्मिलित एउटा पार्टी एकता संयोजन समिती गठन गर्ने, जसले दुई पार्टीबिचको एकता र सिङ्गो नेपाली कम्युनिष्ट आन्दोलनको एकताका सम्बन्धमा छलफल, बहसलगायतका कायहरु गरी एकताको वातावरण निर्माण गर्ने छ।

## २. उम्मेदवारका मापदण्ड सम्बन्धमा

आगामी मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा पार्टीको तर्फबाट उठाइने प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारहरुको सिफारिस एवं छनोट गर्दा आधार बनाउनका लागि निम्न प्रकारका मादण्ड तय गरिएको छ :

क. पार्टीको कार्यदिशा, नीति र कार्यक्रमप्रति प्रतिबद्ध रहेको।
ख. विद्रोहमा सक्रिय भूमिका खेलेका र पार्टी निर्माणमा योगदान गरेको।
ग. पार्टी र क्रान्तिप्रतिको निष्टा र अनुशासनमा दृढ।
घ. आर्थिक एवं नैतिक आचरण राम्रो रहेको।
ङ. जनतामा स्थापित एवं लोकप्रिय।
च. स्वच्छ छवि भएको र सुशासनको पक्षपाति।
छ. कार्यक्षमता राम्रो भएको र सक्रिय।
ज. समावेशीताको सिद्धान्त विपरित नहुने।

## ३. सिफारिस एवं निर्णय प्रक्रिया सम्बन्धमा

आगामी मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवारको सिफारिस एवं निर्णय गर्ने प्रकृया निम्नानुसार तय गरिएको छ :

क. प्रतिनिधि सभाको सदस्यमा प्रत्यक्ष तथा समानुपातिकतर्फको उम्मेदवार बनाउनका लागि पार्टीको प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीले कम्तिमा एक महिलासहित बढीमा चारजनाको नाम जिल्ला कमिटीमा सिफारिस गर्ने। जिल्ला कमिटीले उक्त चारजनामध्येबाट कम्तिमा एक महिलासहित बढीमा तिनजनाको नाम प्रदेश कमिटीमा सिफारिस गर्ने। प्रदेश कमिटीले उक्त तिनजनाप्रतिको आफ्नो धारणासहित केन्द्रमा पठाउने। केन्द्रीय कमिटीले मातहत कमिटीबाट सिफारिस भइआएका तिनजनामध्येबाट प्रत्यक्ष वा समानुपातिकतर्फको उम्मेदवार बनाउन निर्णय गर्ने।

ख. प्रदेश सभाको सदस्यमा प्रत्यक्ष तथा समानुपातिकतर्फ उम्मेदवार बनाउनका लागि पार्टीको प्रदेश सभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीले कम्तिमा एक महिलासहित बढीमा चारजनाको नाम जिल्ला कमिटीमा सिफारिस गर्ने। जिल्ला कमिटीले उक्त चारजनामध्येबाट कम्तिमा एक महिलासहित बढीमा तिनजनाको नाम प्रदेश कमिटीमा सिफारिस गर्ने। प्रदेश कमिटीले उक्त तिनजनाप्रतिको आफ्नो धारणासहित केन्द्रमा पठाउने। केन्द्रीय कमिटीले मातहत कमिटीबाट सिफारिस भइआएका तिनजनामध्येबाट प्रत्यक्ष वा समानुपातिकतर्फको उम्मेदवार बनाउन निर्णय गर्ने।

ग. एक मात्र निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला कमिटीले नै प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीको काम गर्ने छ। यदि कुनै जिल्लामा निर्वाचन क्षेत्रीय समन्वय कमिटी नबनेको भए एक हप्ताभित्र उक्त कमिटी गठन गरी सिफारिस सम्बन्धी काम गर्ने।

घ. विशेष प्रदेश र विशेष जिल्ला कमिटीले पनि समानुपातिक उम्मेदवारका लागि एक महिला र एक पुरुषको नाम सिफारिस गर्न सक्ने छन्।

ङ केद्रीय कमिटीले मातहत कमिटीबाट सिफारिस भइआएका र केन्द्रको अभिलेखमा रहेका नामबाट छनोट गरी बन्दसूची तयार गर्ने।

च. उम्मेदवारसम्बन्धी निर्णय सकेसम्म कमिटीको पूर्ण बैठकबाट गर्ने, पूर्ण बैठक बस्न सम्भव नभएमा सचिवालयको बैठकबाट गर्ने।

छ. कुनै निर्णय विवादित भएमा एक तह माथिल्लो कमिटीले छानविन गरी फैसला गर्ने।

**४. समय तालिका सम्बन्धमा**

आगामी आगामी मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवारको सिफारिस एवं निर्णय गर्ने समय तालिका निम्नानुसार तय गरिएको छ :

क. प्रतिनिधि सभा निर्वाचन क्षेत्र तथा प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय कमिटीले २०७९ भदौ १० गतेभित्र जिल्ला कमिटीमा सिफारिस गरिसक्ने।
ख. जिल्ला कमिटीले २०७९ भदौ १२ गतेभित्र प्रदेश कमिटीमा सिफारिस गरिसक्ने।
ग. प्रदेश कमिटीले २०७९ भदौ १५ गतेभित्र केन्द्रमा सिफारिस गरिसक्ने।
घ. केन्द्रीय कमिटीले २०७९ भदौ २० गतेभित्र निर्णय गरिसक्ने।

**५. पार्टी पुनर्गठन दिबसको आयोजन गर्ने**

२०७९ भदौ ९ मा हाम्रो पार्टी निर्वाचन आयोगमा दर्ता भएको एक वर्ष पूरा हुँदै छ। त्यस दिन पार्टी केन्द्रले पार्टी पुनर्गठन दिवशको आयोजना गर्ने छ। सबै पार्टी कमिटीहरुले पनि उक्त कार्यक्रमको आयोजना गर्ने छन्।

२०७९/४/१

डा. बेदुराम भुसाल

महासचिव